# नागरिकको कर्तव्य एवं अधिकार

अधिकार र कर्तव्य एक अर्काको परिपूरक हुन। जहाँ अधिकार छ त्यहाँ कर्तव्य पनि छ। संविधानमा नागरिकको कर्तव्य यसप्रकार छन –

**संविधानको पालन गर्नु :**

संविधानमा उल्लेख गरिएका सबै नियमहरु प्रत्येक नागरिकले पालन गर्नु पर्छ। संविधानको आदर्श, राष्ट्रिय झण्डा र राष्ट्र गीतको सम्मान गर्नु पर्छ। कुनै पनि ठाउँमा, कुनै पनि समय राष्ट्र गीत गाउँदा वा देशको झण्डा फहराउँदा सावधान भएर खडा हुनु आवश्यक छ।

* सधैं सफा–सुघ्घर झण्डा फहराउनु पर्छ। मैलो, कुल्चीएको वा च्यातिएका झण्डा नफहराउनु।
* सड़क वा अरु कुनैपनि ठाउँमा झण्डाको केहि अंश प्राप्त भएको खण्डमा ससम्मान ती अंशहरु बटुलेर कुनै खाल्टोमा वा खाल्टो खनेर पुर्नु पर्छ।
* संसद, विधानसभाद्वारा बनाइएका नियम वा कानुनहरुको पालन गर्नु पर्छ।

**आदर्श पालन गर्नु :**

स्वतंत्रताको निम्ति हाम्रो राष्ट्रिय आन्दोलनलाई प्रेरणा दिने उच्च आदर्शहरु हृदयले पालन गर्नु।

**देशको अखण्डता एवं एकता कायम राख्नु :**

देशलाई एकताको सूत्रले बाँधेर राख्नु सबै नागरिकको कर्तव्य हो। साना–तिना कुरामा एक–अर्कासित झगड़ा गर्नुको सट्टा भाईचारा एवं एकताको भावनाले सबैसंग मिलेर बस्नु पर्छ। धर्म, भाषा, प्रदेश, सम्प्रदाय एवं वर्गभेदको भावनादेखि सधैं टाढा रहनु पर्छ।

**देशको रक्षा गर्नु :**

देशको रक्षा गर्नु हर नागरिकको परम कर्तव्य हो। फौजमा भर्ती भएर देशको सेवा गर्नु पर्छ। संकटको समयमा त्याग गर्न तयार रहनु पर्छ। देशमा शांति व्यवस्था प्रतिष्ठा गर्नमा सहयोग पुर्‍याउनु पर्छ।

**समरसता र समान भातृत्व भावना निर्माण गर्नु :**

नागरिकले आफुहरुमा समरसता र समान भातृत्वको भावना निर्माण गर्नु पर्छ। यो भावना कुनै पनि धर्म, भाषा, प्रदेश वा वर्गको भेदभावदेखि माथि रहनु आवश्यक छ। नारीको सम्मानका चोट पुर्‍याउने सबै प्रथाहरु त्याग गर्नु पर्छ।

**गौरवशाली परम्पराको संरक्षण गर्नु :**

नागरिकले आफ्नो संस्कृति र परम्पराको महत्व हृदयंगम गर्नु लगायत त्यस्को संरक्षण गर्नु पर्छ।

**पर्यावरण रक्षा गर्नु :**

वन–जंगल, नदी, खोला–नाला, चरा–चुरुङ्गी, जन्तु–जनावर आदिले परिपूर्ण भरिएको प्राकृतिक पर्यावरणको रक्षा गर्नु सबै नागरिकको कर्तव्य हो। नागरिकले जन्तु–जनावरलाई सधैं दयाको दृष्टील हेर्नु लगायत प्राकृतिक संसाधनहरुको सधैं सदुपयोग गर्नु पर्छ।

**वैज्ञानिक दृष्टिकोण :**

नागरिकले वैज्ञानिक दृष्टिकोण, मानववाद र ज्ञानार्जन एवं सुधारको भावनालाई उच्च स्थान दिनु पर्छ। कुरीति, कुप्रथा एवं अन्धो परम्पराहरु त्याग गर्नु पर्छ। सबैलाई मानवीय दृष्टिकोणले हेर्नु पर्छ।

**सार्वजनिक सम्पत्तिको रक्षा गर्नु :**

सार्वजनिक सम्पत्तिहरु जस्तै महल, बस आदिको रक्षा गर्नु सबै नागरिकको कर्तव्य हो।

**सामुहिक गतिविधिप्रति प्रोत्साहित हुनु :**

समाज एवं देशको विकासमा सघाउ पुर्‍याउनु सबै प्रकारका व्यक्तिगत र सामुहिक गतिविधिसंग देशका प्रत्येक नागरिक जोडिनु आवश्यक छ।

**नानीहरुलाई शिक्षाको सुविधा उपलब्ध गराउनु :**

माता–पिता वा पालकले 6 वर्षदेखि 14 वर्ष उमेर सम्मका आफ्ना छोरा–छोरी, बालक–बालिकालाई शिक्षाको सुविधा उपलव्ध गराउनु आवश्यक छ।

**अन्य कर्तव्यहरु :**

* सरकारी नीयम कानुनको पालन गर्नु
* सरकारलाई समयमा कर दिनु
* आफ्नो मताधिकारको सदुपयोग गर्नु। इत्यादि।

नागरिकको स्वयम् आफुप्रति, आफ्नो परिवारप्रति, छर–छिमेकी तथा आफ्नो समाजप्रति पनि कर्तव्य रहन्छ। अत: नागरिकले आफ्नो शारीरिक, मानसिक एवं आर्थिक विकासको निम्ति सधैं प्रयास जारी राख्नु पर्छ। आफ्नो परिवारलाई सधै सुखी राख्नु लगायत गाँउ, नगर, समाज, सबैको हितमा हुने कार्यहरुमा सहयोग पुर्‍याउनु पर्छ।

## नागरिकको मौलिक अधिकार

हाम्रो संविधानको धेरै मौलिक अधिकारको कुरा उल्लेख गरिएको छ। यी अधिकारहरु यसप्रकार छन –

**समानताको अधिकार**

समानताको अर्थ हो–कानुन समक्ष सबै नागरिक समान हुन। जाति, वर्ण, धर्म, लिंग, जन्म स्थान आदिको आधारमा कुनै पनि नागरिकसंग भेदभाव गरिने छैन।

**स्वतंत्रताको अधिकार**

- यस अधिकारको तहत देशका प्रत्येक नागरिकलाई भाषण दिने, लेख्ने तथा आफ्नो विचार प्रकट गर्ने स्वतंत्रता प्रदान गरिएको छ।
- प्रत्येक नागरिकलाई देशको प्रान्त वा क्षेत्रमा आउनु–जानुमा स्वतंत्रता छ।
- देशको कुनैपनि स्थानमा बसोबास गर्ने स्वतंत्रता छ।
- आफ्नो ईच्छाअनुसार कुनैपनि कारोबार (व्यवसाय) गर्ने स्वतंत्रता छ तर उस्को काम कारोबार समाज बिरोधी हुनु हुँदैन।
- रुपियाँ–पैसा कमाउने र खर्च गर्ने स्वतंत्रता छ।

**3. शोषणको विरुद्ध अधिकार :**

- चौध वर्षभन्दा कम्ति उमेरका बालक–बालिकालाई कुनै पनि कारखाना, खानी (खदान) वा जोखिमपूर्ण काममा लगाउन सकिने छैन।
- मानिसको किन–बेच गर्न सकिने छैन।
- कुनैपनि व्यक्तिलाई उस्को ईच्छा विरुद्ध जबरदस्ती काम गराउन सकिने छैन।
- कुनैपनि व्यक्तिलाई बिना मजदुरी काम गराउन सकिने छैन।
- शोषणलाई घोर अपराध मानिने छ।

**धार्मिक स्वतंत्रताको अधिकार :**

- प्रत्येक नागरिकलाई आफ्नो ईच्छा अनुसार कुनै पनि धर्म लिने एवं त्यस्को प्रचार गर्ने स्वतंत्रता छ।
- कुनै पनि व्यक्तिलाई कुनै विशेष धर्म लिनलाई बाध्य गराउन सकिने छैन।

**संस्कृति एवं शिक्षाको अधिकार :**

हर नागरिकको आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण औ विकास गर्ने अधिकार छ।

**संवैधानिक प्रतिकारको अधिकार**

- कानुनको उल्लंघन नगरुंजेलसम्म कुनै पनि व्यक्तिलाई दोषी ठहर्‍याउन सकिने छैन।
- कुनै एउटा अपराधमा एकदेखि अधिकचोटी मुद्दा चलाउन सकिने छैन।
- अधिकारको हनन भएमा एकजना नागरिकले न्यायालयको शरण लिन सक्नेछ।

---


सत्यमेव जयते

**न्याय विभाग**

**विधि तथा न्याय मन्त्रालय, भारत सरकार**

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**

**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**

**मानव संसाधन विकास मन्त्रालय, भारत सरकार**

website :: www.srcguwahati.in


साक्षर भारत

कानुनी साक्षरता शृंखला–1

# नागरिकको कर्तव्य एवं अधिकार

